# आर्थिक वर्ष २०७४/७५को

# बजेट बक्तब्य

**कैलाश** गाउँपालिका

**कालिकाटार, मकवानपुर**

प्रदेशनं. **३, नेपाल**

## गाउँ कार्यपालिकाका उपाध्यक्ष श्री सुकुमाया थिङले प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०७४/७५ को बजेट वक्तव्य

यस सभाका अध्यक्ष एवं कैलाश गाउँपालिकाका अध्यक्ष श्री टंक बहादुर मुक्तान ज्यू,

कार्यकारी अधिकृत श्री कुलचन्द्र पराजुली ज्यू,

वडा अध्यक्ष ज्यूहरु र गाउँकार्यपालिकाका सदस्य ज्यूहरु

गाउँसभाका सदस्य ज्यूहरु

सम्पूर्ण कर्मचारी मित्रहरु तथा सभामा उपस्थित सम्पूर्णमा सर्वप्रथम हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु ।

**आदरणीय अध्यक्ष महोदय,**

नेपालको संविधान जारी भई उक्त संविधानले व्यवस्था गरे बमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२/६३ को जनआन्दोलन, मधेश आन्दोलन, दुईपटक सम्म भएको संविधान सभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भइ सकेर हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भएर आज हामी कैलाश गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही यो कार्यक्रममा वार्षिक नीति तथा कार्यक्रमका साथै चालु आ.व.२०७४/०७५ को बजेट प्रस्तुत गर्ने क्षणमा छौं ।

संघीयता र स्थानीय सरकार मार्फत गाउँ–गाउँमा सिंहदरबार, आफ्नो गाउँ आफैं बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । यसै अनुरुप हाम्रा नीति तथा कार्यक्रम र उक्त नीतिलाई कार्यान्वयनमा ल्याउने बजेट तयार गर्नुपर्ने देखिन्छ । त्यसैले यिनै यावत कुराहरुलाई ध्यान दिदै यस चालु आ.व.को बजेट तयार गरेको छु ।

स्थानीय तह संचालन तथा व्यवस्थापन सम्बन्धि कानुन निर्माण भई कार्यान्वयनमा नआए सम्म विगतमा साविकका गाउँपरिषदले स्वीकृत गरेका विनियम, कार्यविधि, निर्देशिका, निर्णय एवं

अनुसुचि र प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुने गरी चालु आ.व.२०७४/०७५ को बजेट कार्यान्वयनमा ल्याउने प्रस्ताव गरेको छु ।

**आदरणीय अध्यक्ष महोदय,**

अव म यस कैलाश गाउँपालिकाको चालु आ.व.२०७४/०७५ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस चालु आर्थिक वर्षमा आन्तरिक आय: ५५ लाख ९५ हजार, राजश्व बाँडफाँडबाट प्राप्त रकम १० लाख, वित्तीय समानीकरण अनुदानः १९ करोड २८ लाख ९२ हजार, सशर्त अनुदानः ८ करोड ८३ लाख ६८ हजार, सामाजिक सुरक्षा भत्ता ४ करोड र अन्य आयः १ करोड ४४ लाख ८१ हजार गरी जम्मा ३४ करोड ३० लाख ३६ हजारको आय प्रक्षेपण गरेको छु ।

स्थानीय तहमा न्युन बजेट नीति नलिने नेपाल सरकारको नीति अनुरुप व्यय तर्फ पनि ३४ करोड ३० लाख ३६ हजार विनियोजन गरेको छु । जस मध्ये चालु तर्फ (सामाजिक सुरक्षा भत्ता, सशर्त अनुदान समेत) कुल १७ करोड ३ लाख ५० हजार रकम विनियोजन गरेको छु, साविकका गाउँपरिषद बाट विनियोजन भई सम्झौता भएका योजना, गाउँपालिकाको पूर्वाधार तथा कार्यालय व्यवस्थापनका लागि कुल भुक्तानी हुन बाँकि रकम २९ लाख ३६ हजार रहेकोले सोको लागि आवश्यक रकम विनियोजन गरेको छु । कुल बजेटको बाँकि रकम रु १७ करोड २६ लाख ८५ हजार पूँजिगत खर्चका लागि विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

अव म विषयगत क्षेत्रहरुको छुट्टाछुट्टै रुपमा चालु आ.व.को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. आर्थिक क्षेत्र

बिकासको मेरुदण्ड नै आर्थिक क्षेत्र हो । कृषि, पर्यटन, उद्योग जस्ता आर्थिक क्षेत्रहरुको बिकास समष्टीगत विकासका महत्वपूर्ण खम्बाहरु हुन् । देशको अर्थतन्त्रमा समेत महत्वपूर्ण योगदान पुर्याउने कृषि क्षेत्र समेत यसै क्षेत्रमा पर्ने भएकाले यस क्षेत्रको बिकासको लागि प्रथमिकता दिई आगामी आ।ब। मा रु २ करोड ३ लाख ३९ हजार बजेट विनियोजन गरेको छु ।

## २. सामाजिक क्षेत्र

शिक्षा, खेलकुद, स्वस्थ्य, खानेपानी, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता सामाजिक क्षेत्रमा विगतमा भएका प्रयासहरु या त अपर्याप्त थिए या प्रभावकारी कार्यान्वयन हुन सकेनन्। नयाँ संबिधानको कार्यान्वयन सँगै यी क्षेत्रहरु हाल स्थानीय जननिर्वाचित सरकार अन्तरगत हस्तन्तरण भइसकेका छन् ।यसबाट खास गरी शिक्षा र स्वास्थ्य क्षेत्रका कार्यक्रमहरु कार्यान्वयनमा आमुल सुधार हुने अपेक्षा गरिएको छ ।यसर्थ सामाजिक क्षेत्रको समष्टिगत बिकासको लागि हस्तान्तरित कार्यक्रमहरु सहित रु १२ करोड १० लाख ५९ हजार बजेट विनियोजन गरेको छु ।

## ३. पूर्वाधार बिकास क्षेत्र

बिकासको पूर्व शर्त नै भौतिक पूर्वाधारहरुको बिकास हो र यस क्षेत्रको बिकासले नै समष्टिगत आर्थिक बिकासको आधार प्राप्त हुन्छ। कैलाश गाउँपालिका क्षेत्र भित्र सडक, पुल, सिंचाई जस्ता भौतिक पूर्वाधारहरुको बिकासमा वातावरणीय जोखिमहरुलाई न्यूनिकरण गर्दै कार्यान्वयन गरिनेछ र पूर्वाधार क्षेत्रको बिकासलाई उच्च प्राथमिकता रु ९ करोड ९७ लाख ७० हजार बजेट विनियोजन गरेको छु ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन

बिबिधतायुक्त हावापानी भएको कैलाश गाउँपालिका प्राकृतिक सुन्दरता आकर्षणका दृष्टिले धनी गाउँपालिका हो ।साथै प्रकृतिक प्रकोपका दृष्टिले उच्च जोखिममा रहेको क्षेत्र पनि हो । वातावरणमैत्री पूर्वाधार बिकासलाई जोड दिंदै यस क्षेत्रको वातावरणीय सून्दरता जोगाई र विपद् जोखिमहरुलाई न्यूनिकरण गर्दै आगामी आर्थिक वर्षमा प्रभावकारी कार्यक्रम तथा योजनाहरु कार्यान्वयनमा ल्याउन रु ७५ लाख बजेट बिनियोजन गरेको छु ।

## ५. संस्थागत विकास, सेवा प्रवाह तथा सूशासन

मानव संशाधनको बिकास, बिद्युतीय सूचना प्रविधिको प्रयोग, वित्तीय अनुशासन, संस्थागत बिकास, सामान्य सेवा संचालन लगायतका विभिन्न कार्य तथा नागरिक वडापत्र सहितको सेवा प्रवाह आदिको समष्टीगत व्यबस्थापन गर्नको लागि आगामी आर्थिक वर्षमा रु ४३ लाख ७५ हजार बजेट विनियोजन गरेको छु ।

## ६. अन्य खर्च तर्फ

कर्मचारीहरुको तलव, भत्ता, गाउँपालिका तथा वडा कार्यालय उपभोग तथा संचालन खर्च, अनुगमन तथा मूल्याङ्कक खर्च, गत वर्षको बाँकि भूक्तानी एवं सेवा प्रवाहका लागि आवश्यक सामग्री खरिदको लागि कुल रकम रु ९ करोड १ लाख ४२ हजार विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

गाउँपालिकाको संरचनामा कैलाश गाउँपालिकाको यो प्रथम बजेट भएकाले यस गाउँपालिकाको त्रिबर्षीय बजेट प्रक्षेपण त्यति व्यवहारिक देखिन नआएकाले यहाँ प्रस्तुत गरिएको छैन यद्धपि साविकका गाविसहरुको वित्तीय विबरणहरुलाई आधार लिई पृष्ठपोषणको लागि आवश्यक एकिकृत वित्तीय बिबरणहरु तयार गरिनेछ ।

**अध्यक्ष महोदय,**

प्रस्तुत बजेटबाट आगामी आर्थिक वर्षमा संचालन हुने बिकास कार्यक्रमहरुको कार्यतालिका सहितको बिस्तृत बिबरण तथा पुस्तिका तयार गरी यो सम्मानित सभाको अधिवेशन समाप्त हुनु आगावै पारित गरि कार्यान्वयनमा ल्याईने प्रतिबद्धता समेत यस सभामा ब्यक्त गर्न चाहन्छु ।साथै प्रस्तुत आय(व्यय अनुमानलाई कार्यान्वयनको लागि विनियोजन विधेयक, २०७४ यसै गरिमायमय सभाबाट पारित गर्नुपर्ने कानूनी व्यवस्था रहेकाले उक्त बिधेयकहरुलाई छलफलका लागि यसै सभामा पेश गर्नेछु ।

अन्त्यमा यो बजेट तयारीमा सहयोग पुर्याउने गाउँ कार्यपालिकाका अध्यक्ष, कर्माचारीहरु तथा अन्य सबै पक्षहरुलाई धन्यवाद् दिन चाहन्छु । साथै यो बजेटको सफल कार्यान्वयनमा सम्बद्ध सबै पक्षहरुको सक्रिय सहभागिता तथा सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**

**बजेटका अनुसूचिहरु**

क. आ.ब.२०७४/७५ मा प्रस्ताबित आय तथा व्यय अनुमान बिबरण

रकम रु हजारमा

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वितिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका तथा वडा समित | ८१८३२.६७५९ | १७२८३५.७३११ | | २५४६६८.४०७ |
| २ | | बिषयगत शाखा | ८८३६८ | | | |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ४ | | लगानी (शेयर/ऋण) | | | | |
| | | **जम्मा** | **१७०२०००.६७५९** | **१७२८३५.७३११** | - | **३४३०३६.४०७** |

ख. बजेटको क्षेत्रगत बिनियोजन

**कार्यक्षेत्रगत व्यय अनुमान**

आ.व.२०७४/७५

अनुसूची–५

रु. हजारमा

| **संकेत नं.** | **शीर्षक** | **आ.व.२०७४/७५ को अनुमान** | **श्रोत** |
|---|---|---|---|
| | | | **जन सहभागिता** |
| | **जम्मा व्यय अनुमान** | **३४३०३६.४०** | |
| **१०** | **आर्थिक विकास** | **२०३३९.००** | |

| | | | |
|---|---|---|---|
| १०१० | कृषि | १७१३९ | |
| १०२० | उद्योग तथा वाणिज्य | ०० | |
| १०३० | पर्यटन | २५०० | |
| १०४० | सहकारी | ७०० | |
| १०५० | वित्तीय क्षेत्र | | |
| **२०** | **सामाजिक विकास** | १२१०५९.५१ | |
| २०१० | शिक्षा | ८६५४१ | |
| २०२० | स्वास्थ्य | १४४८६ | |
| २०३० | खानेपानी तथा सरसफाइ | ६३२०.६० | |
| २०४० | संस्कृति प्रवर्द्धन | १२०६.९१ | |
| २०५० | खेलकुद तथा मनोरञ्जन | १५०० | |
| २०६० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | ११००५ | |
| **३०** | **पूर्वाधार विकास** | ९९७७०.९७ | |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | ३३४२०.९७ | |
| ३०२० | सिंचाई | ६८०० | |
| ३०३० | भवन तथा सहरी विकास | ५१४५० | |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | ८१०० | |
| ३०५० | सञ्चार | ०० | |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | ७५००.०० | |
| ४०१० | वन तथा भु-संरक्षण | ४४०० | |
| ४०२० | जलाधार संरक्षण | ०० | |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | ७५० | |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | ५० | |
| ४०५० | जलउत्पन्न प्रकोप नियन्त्रण | ३०० | |
| ४०६० | विपद व्यवस्थापन | २००० | |

| | | | |
|---|---|---|---|
| ४०७० | वारुण यन्त्र सञ्चालन | | |
| **५०** | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | ४३७५.०० | |
| ५०१० | सामान्य सेवा | १४२५ | |
| ५०२० | सुरक्षा व्यवस्थापन | ०० | |
| ५०३० | सूचना प्रविधि | ८०० | |
| ५०४० | पञ्जिकरण व्यवस्थापन | ५०० | |
| ५०५० | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | १२५० | |
| ५०६० | सुशासन प्रवर्द्धन | ४०० | |
| ५०७० | अनुसन्धान तथा विकास | ०० | |
| | **अन्यत्र वर्गिकृत नभएको** | ८९९९२ | |
| | गाउँपालिकाको आवधिक योजना तर्जुमा | २०० | |
| | सामाजिक सूरक्षा भत्ता– जेष्ठ नागरिक, एकल महिला आदी | ४०००० | |
| | गाउँपालिका उपभोग तथा संचालन खर्च | ३५४०५.२४ | |
| | कर्मचारी पदाधिकारी तालिम तथा अभिमूखीकरण कार्यक्रम | २०० | |
| | अनुगमन मूल्यांकन तथा भ्रमण खर्च | २२५० | |
| | गत बर्षको भुक्तानी बाँकि | २९३६.६९ | |
| | फर्निचर तथा फिक्चर्स | २००० | |
| | मेशिनरी औजार | ३००० | |
| | सवारी साधन खरिद | ३००० | |
| | सोलार पावर ब्याकअप | १००० | |